# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# शुद्धोधन गाउँपालिका, रुपन्देही




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदुरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**( प्रदेश नं. ५, कर्णाली र सुदुरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या:२०७६/७७
च.नं :३२

मितिः २०७७/३/२५

श्री अध्यक्षज्यू,
शुद्धोधन गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
मानपकडी, रुपन्देही ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

( चन्द्रकान्त भण्डारी )
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन्।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ अषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं :३२

मितिः २०७७।३।२५

श्री अध्यक्षज्यू,
शुद्धोधन गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
मानपकडी, रुपन्देही ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले शुद्धोधन गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु १ करोड ५७ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२४ लाख ८५ हजार नियमित गर्नुपर्ने रु.४० लाख ३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३४ लाख १५ हजार र पेश्की बाँकी ५८ लाख ५० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न ९ दफाको रु १ करोड ०१ लाख २० हजार असुल फछ्र्यौट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं ।

लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

### वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# शुद्धोधन गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५/७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । ५ नं. प्रदेशमा अवस्थित यस गाउँपालिका अर्न्तगत ७ वडा, मनोनित २ समेत ३९ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र शुद्धोधन गाउँपालिका भित्र रहेको छ ।

**स्थानीय संचितकोष:** आर्थिक वर्ष २०७५।७६ को स्थानिय संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आय | | व्यय | |
|---|---|---|---|
| **आम्दानी शीर्षक विवरण** | **रकम** | **व्यय शिर्षक विवरण** | **रकम** |
| **गतवर्षको जिम्मेवारी** | **२०९९८५६८.८७** | चालु खर्च | २२९६६१५४५.२१ |
| **नगद अल्या** | **९१२५०** | पुजिँगत खर्च | १७८७३९५९८.५० |
| वित्तिय समानिकरण अनूदान | ११०२००००० | स्थानिय विकास कोष | ८८८२७२ |
| ससर्त अनूदान संघ | ११८५२५५०० | धरौटी क्लियरेन्स | ८९६९६.८६ |
| सडक बोर्ड | १०००००० | संघमा फिर्ता रकम | १३५२४६३२.२३ |
| संसद बिकास कोष | ८९६८००० | कर्मचारी कल्याण कोष | ४७५००० |
| सामाजिक सूरक्षा अनुदान निकासा | ४२६५७००० | विभाज्य कोष खाता | ५१७१९९४.२४ |
| एल जि.सि.डि.पी अनुदान | ३०५००० | प्रदेशमा फिर्ता | ३२२९८३२ |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ५२५००० | | ० |
| समानिकरण अनुदान प्रदेश नं. ५ | ४३४०००० | | ० |
| ससर्त अनुदान प्रदेश नं. ५ | ९६००००० | | ० |
| राजस्व बाँडफाँड संघ | ५४२५४३०९.६० | **बैंक मौज्दात** | **५३४१२०७२.४३** |
| राजस्व बाँडफाँड प्रदेश नं. ५ | ५३३६७३८.४१ | | ० |
| आन्तरिक आम्दानी | १०८३९१२७६.५९ | | ० |
| **जम्मा** | **४८५१९२६४३.४७** | **जम्मा** | **४८५१९२६४३.४७** |

...

| सि.न. | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १. | **असुली:** कार्यालयले पाठय पुस्तकमा बढि भुक्तानी गरेको रु ९१४८।00 र छात्रबृत्ति बढि भुक्तानी दिएकोसमेत दाखिला गर्नु पर्ने देखिएको रु ४१,१४८।४१ लेखापरिक्षणबाट औंल्याए पछि असुल भई दाखिला भएको प्रमाण पेश भएको छ । | |
| २. | **वित्तिय विवरणको यथार्थता:** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| २.१ | **वित्तीय प्रगतिको स्थिति:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाउँ स्तरिय तथा वडा स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । कार्यालयको समग्रमा वित्तीय प्रगति निम्नानुसार देखिन्छ । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समय विच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ । | |
| २.२ | **स्थानीय सामुदायिक विकास कोष:** स्थानीय सरकार सन्चलन ऐन, २०७४ अनुसार गाउँपालिकामा एक मात्र गा पा कोष रहने व्यवस्था रहेको छ । तर कार्यालयले आन्तरीक लेखापरिक्षण प्रतिवेदन अनुसार स्थानीय विकास सामुदायिक कोषको नाममा छुट्टै कोष खडा गरि रु २४,३३,९९२ को आय व्यय तयार | |

| | | |
|---|---|---|
| | गरेको देखियो । अतः उक्त ऐन अनुसार गा पा मा प्राप्त सबै आय तथा निकासा रकम गा पा सन्चित कोष दाखिला गरि लेखापरिक्षण गराईनु पर्दछ । | |
| ३ | **आन्तरिक नियन्त्रण प्रणालीः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ३.१ | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । आन्तरिक नियन्त्रणका सम्बन्धमा देहायको अवस्था देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनुपर्ने देखिन्छ । | |
| | क) राजश्व वक्यौता असुली सन्तोषजनक भएको छैन ।<br>ख) जिन्सी सामानको मर्मत तथा लिलाम विक्रि गरेको छैन ।<br>ग) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) अनुसार व्यक्तिगत धरौटी खाता अद्यावधिक राखेको छैन ।<br>घ) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा खर्च भएको सबै रसिद र बिल भरपाईहरुमा प्रमाणीत गर्ने गरेको छैन ।<br>ङ ) इन्धन खर्चको लगबुक राख्ने गरेको छैन ।<br>च) उपभोक्ता समिति मार्फत भुक्तानी भएको मु.अ.करको जानकारी सम्बन्धीत आन्तरीक राजश्व कार्यालयलाई दिने गरेको छैन ।<br>छ) कार्यालयले अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा शिक्षा,स्वास्थ्य,अस्पताल लगायत गाउँपालिका समेतको लगायत तलबी प्रतिवेदन पारित गराएको छैन<br>ज) सवारी साधन मर्मतको म.ले.प. फा.नं. २ राखेको छैन ।<br>झ) खरिद आदेश बिना सामान खरिद ।<br>ञ) पेश्कि खाता राखेको छैन । | |
| ३.२ | **कार्यविवरण**:- निजामति सेवा नियमावली २०५० को नियम ९ (१) को खण्ड घ र ङ मा निजामति पदहरुको अनुसूची ४ बमोजिमको कार्य विवरण तयार गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्य विवरण तयार गरी लागु गरेको देखिएन । अतः कार्य विवरण तयार गरी कर्मचारीहरुलाई जिम्मेवार बनाईनु पर्दछ । | |
| ३.३ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउ/नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सालबसाली सरसफाईको काममा आफ्नो क्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार गाउँ र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । तर कार्यालयले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ। | |
| ४ | **बजेट, अख्तियारी,कार्यक्रम,योजना तर्जुमा र कार्यान्वयन :-** यसमा देहायको व्यहोराहरु देखिएका छन् । | |
| ४.१ | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५ आषाढ ९ मा पेश गरि भोलीपल्ट २०७५ आषाढ १० गते स्वीकृत गरेको छ । आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्दछ । | |
| ४.२ | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट | |

वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाँउपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०३।१० गते सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यबस्था अनुसार उपलव्ध गराएको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४.३ **योजनागत लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार वार्षिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । त्यस अनुरुप कार्यालयले चालु वर्ष सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गर्नु पर्दछ । तर कार्यालयले त्यस अनुसार लक्ष प्रगति विवरण तयार गरेको छैन । लेखापरिक्षणमा प्रगतिसम्बन्धि विवरण माग गरेकोमा सो समेत तयार नगरेको र कार्यालयले योजना खाता राखेको देखिएन । योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति तयार गर्न तथा लक्ष वमोजिम प्रगति हासिल गर्न योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ ।

४.४ **टुक्रे योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी अधिकांश रु.५० हजार र सो भन्दा साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

४.५ **चौमासिक कार्यक्रम र आषाढको खर्चः** अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी पत्रका साथ दिएको निर्देशन अनुसार अन्तिम चौमासीक तथा आषाढ महिनामा कुल खर्चको क्रमशः ४० र २० प्रतिशत भन्दा वढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष कुल खर्च रु.४० करोड ८४ लाख १ हजार गरेकोमा तेस्रो चौमासिकमा रु २५ करोड २ लाख ३१ हजार अर्थात ६१.२७ प्रतिशत र आषाढ महिनामा रु. १४ करोड १५ लाख ५७ हजार अर्थात ३४.४६ प्रतिशत खर्च गरेको छ । अतः कार्यालयले वजेट खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गर्नुपर्दछ ।

| खर्च शिर्षक | कूल खर्च (रु ०००मा) | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|
| चालु खर्च | २२९६६२ | ६१८८० | ६८१०१ | ९९६८० | ५२७२४ |
| पूँजीगत | १७८७३९ | ५९३० | २२२५८ | १५०५५१ | ८८८३ |
| जम्मा | ४०८४०१ | ६७८१० | ९०३५९ | २५०२३१ | १४१५५७ |
| **खर्च प्रतिशत** | **१००%** | **१६.६%** | **२२.१३%** | **६१.२७ %** | **३४.६६ %** |

५. **अनुगमन मुल्यांकन एवं पृष्ठपोषण व्यवस्थाः** कार्यालयले कार्यक्रम सन्चालन पश्चात गरेको कामको अनुगमन मूल्यांकन गरी निर्देशन र पृष्ठपोषण गरेको हुनुपर्छ । गाँउपालिकाको चालु खर्चको फाँटबारी अनुसार अनुगमन मूल्यांकनमा रु.५ लाख विनियोजन गरेकोमा रु.४ लाख खर्च, भ्रमण खर्चमा रु.४ लाख विनियोजन गरेकोमा १ लाख ३८ हजार खर्च गरेको देखियो । तर अनुगमन मूल्यांकन तथा भ्रमणबाट फर्किए पछि प्रतिवेदन दिने तथा सुधारका पक्षहरु औल्याउनु पर्ने, कार्यान्वयन पक्ष र तत्पश्चात पृष्ठपोषणको व्यबस्था गर्ने गरेको देखिएन । यसबाट अनुगमन तथा भ्रमणको उद्देश्य तथा उपलब्धि विश्लेषण गर्न सकिएन । अतः भ्रमण तथा अनुगमन मूल्यांकन पश्चात प्रतिवेदन निर्देशन कार्यान्वयन एंव पृष्ठपोषणको व्यबस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

५.१ **अनुगमन तथा भ्रमण भत्ता खर्चः–** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाँउमा एकै दिन गई फर्कने गरि सरकारी काममा काज खटि जाने पदाधिकारी वा कर्मचारी ले यस नियमावली वमोजीम भ्रमण खर्च र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च पाउने व्यवस्था छ । सोहि नियमको उप नियम (८) मा १५ किलोमिटर भित्र स्थायी वसोवास भएको स्थानमा भ्रमण गर्दा दैनिक भत्ता नपाउने व्यवस्था छ । तर कार्यालयले त्यस अनुसार नगरी प्रजनन स्वास्थ्य र उपचार पद्धतीको अनुगमन उल्लेख गरी दैनिक रु.१०००/- का दरले भुक्तानी दिने गरेको छ । अतः यस्तो खर्च नियन्त्रण गरिनु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन् ।

| नाम | पटक | खर्च | करपछि रु |
|---|---|---|---|
| प्र.प्र.अ.रोमनाथ न्यौपाने | ५ | ५००० | ४२४५ |
| ले.अ. लक्ष्मण पाण्डेय | ४ | ४००० | ३६०० |
| स्वास्थ्य संयोजक नन्दराम पौडेल | ८ | ८००० | ६८०० |

| | | | |
|---|---|---|---|
| सह स्वास्थ्य संयोजक प्रेम नारायण सुवेदी | ८ | ८००० | ६८०० |
| स.ले.पा. मन बहादुर बुढा | १ | १००० | ८५० |

६. **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने र समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १० प्रतिशत दरले ब्याज समेत असुल गर्ने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको पेश्कीको एकिकृत विवरण अनुसार गत वर्षको जिम्मेवारी रु. ५३ लाख ५० हजार मध्ये यो वर्ष रु. २३ लाख  फछ्र्यौट गरेको छ र यो वर्षको थप रु ६२ लाख ९० हजार समेत रु ९३ लाख ४० हजार बाँकी रहेको छ । पेश्की फछ्र्यौट गरेकोमा सम्परीक्षणकालागी पेश गरेको छैन । कार्यालयले साविक गाँउ बिकास समितिहरु हाल गाँउपालिकामा समाहित हुदाका बखत बाँकी रहेको पेश्की एकिन गरी पेश्की बाँकी कायम गरेको छैन र सो सम्बन्धी साविक ७ वटै गाँउ बिकास समितिहरुको एकीकृत अभिलेख पनि राखेको छैन । अतः साविक गाउँ बिकास समितिहरुको पेश्की बाँकी यकिन गरी अभिलेख तयार गरिनु पर्दछ । साथै यो वर्ष निम्नानुसारको पेश्कीसमेत फछ्र्यौट नगरी बाँकी रहेको छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नु पर्ने रु. **५८,५०,०००/-**

| सि.नं | पेश्की लिनेको नाम | शीर्षक | कार्यक्रम | पेश्की रु. |
|---|---|---|---|---|
| १. | दया निर्माण सेवा | | पूजीगत | ३०५०००० |
| २. | श्री कृष्ण कन्स्टक्सन | | पूजीगत | १५००००० |
| ३. | श्री  दिव्य कन्स्टक्सन एण्ड निर्माण कम्पनी | | पूजीगत | ६५०००० |
| ४. | खेमतारा कन्स्टक्सन | | पूजीगत | ६५०००० |
| | **जम्मा** | | | **५८,५०,०००/-** |

७ **आन्तरिक आय व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

७.१ **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको  देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

७.२ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले गाँउ/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको आय-व्ययको आन्तरिक आयतर्फ आर्थिक वर्ष २०७५।७६ मा मालपोत, कर, सेवा शुल्क, दस्तुर अनुमानित रु. २.करोड ९६ लाख ९० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा रु १० करोड ८३ लाख ९१ हजार अर्थात अनुमान भन्दा ३६५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७.३ **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को  दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से, गरिवी निवारण कोष, एलजिसिडिपी लगायतको बिंऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासासमेत नगरेको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवारमा समेटनु पर्दछ ।

७.४ **बक्यौता रकम असुली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौतासमेत असुली गर्ने व्यवस्था छ । कार्यालयले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ ध्यान दिनु जरुरी छ । साथै यो वर्ष देहायका पुर्वाधार उपयोगका सम्झौता अनुसार प्राप्त गर्नुपर्ने र बाँकीको अभिलेख

कार्यालयले राखेको छैन ।

७.४.१ **सम्झौता भन्दा बढी दरमा नदीजन्य पदार्थको विक्रि:-** शुद्धोधन गाउपालिका कार्यालयको मिति २०७५।१२।२६ मा बसेको बैठकले नदीजन्य पदार्थ को प्रतिघनफुट अधिकतम विक्रि मूल्य रु २२.१२ मु.अ.क. बाहेक तोकेकोमा अशं ट्रेड एण्ड सप्लायर्सले देहायको उ.स.हरुलाई बढी दरमा मिस्कट विक्रि गरेकोले बढी भुक्तानी लिएको सम्बन्धित मिस्कट आपूर्तक अशं ट्रेड एण्ड सप्लायर्सलाई सम्झौता अनुसार कारवाही निजबाट असुल उपर हुनुपर्ने रु. ८७८५२/-

| गो.भौ.र मिति | नदीजन्य पदार्थ | उ.स.को नाम | घाट | फर्म वा सप्लायर्स | भुक्तानी लिएको दर | भुक्तानी लिनुपर्ने दर | बढी दर रु | विक्रि परिमाण | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|---|---|
| २३९। २०७६।३।१६ | मिस्कट | बोरहवा गाउको सडक विस्तार तथा ग्रावेल | बोरहवा घनौरा सिसवा | अशं ट्रेड सप्लायर्स | २६.५४ | २२.१२ | ४.४२ | १२००० | ५३००० |
| २३९। २०७६।३।१६ | मिस्कट | | | | २४.३५ | २२.१२ | २.२३ | ७०० | १५६१ |
| २८६। ०७६।३।२५ | मिस्कट | नाली निर्माण | | | ३५.०० | २२.१२ | १२.८८ | १८०० | २३१८४ |
| | | | | | | | | १३ % भ्याट | १०१०७ |
| | **जम्मा** | | | | | | | | ८७८५२/- |

७.५ **आन्तरिक आय:–** कार्यालयले यो वर्ष रु.१० करोड ८३ लाख ९१ हजार आन्तरिक आय प्राप्त गरेकोमा कार्यालय अन्तर्गतका ७ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट वडा कार्यालयले गाँउपालिकाको आयमा गरेको योगदान तथा असुली राजश्व दाखिला एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ ।

७.६ **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष राजश्व आम्दानीको म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको दैनिक टिपोट खाता सहित आम्दानी असुली र बैंक दाखिलाको अभिलेख व्यबस्थित गरी नराखेको, वडा कार्यालयहरुले नगदी रसिद भरी नगद असुल गरेकोले यथार्थ आम्दानी यकिन गर्न सकिएन । साथै असुली भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । नियमावलीको व्यवस्था अनुसार असुली रकम समयमै दाखिला गर्नुपर्ने र म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ ।

७.६.१ **आर्थिक कार्यविधि ऐन २०५५ र प्रदेश आर्थिक कार्यविधि ऐन २०७४:** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ उपदफा ४ मा आफनो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यस्को भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले १० दिन सम्म ढिलो गरेको भए १०% प्रतिशत र १५ दिन सम्म ढिलो गरेको भए १५ प्रतिशत जरिवाना र सो समेत दाखिला गर्ने लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५% जरिवाना गरि नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विमागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । तर प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) २ मा १० दिनसम्म ढिला गरेको भए विभागीय प्रमुखले १० प्रतिशत जरिवाना गराउने र १० दिन भन्दा बढी ढिला गरेको भए १०% जरिवाना गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्ने व्यबस्था भएकोमा प्रदेश ऐनको व्यवस्था संघिय ऐनको व्यवस्थासंग बाझिएको छ । यसमा सुधार हुनु जरुरी देखिन्छ ।

| | | |
|---|---|---|
| ७.६.२ | **वडा कार्यालयहरुको राजश्व दाखिलामा जरिवाना :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४ (२) मा १० दिनसम्म १० प्रतिशत र १० दिन भन्दा बढि ढिला गरेमा १०% जरिवाना र विभागीय कारवाही गर्ने व्यवस्था रहेको छ । कार्यालयले मातहतका वडाहरुवाट देहाय अनुसार ढिला गरि मालपोत  सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना असुल गरेको देखिएन । अतः उल्लेखित ऐनको व्यवस्था अनुसार असुल गनुपर्ने देखिएको रु. | १३०१८४/- |

| **वडा न.** | **वडा सचिव/जिम्मेवार व्यक्तिको नाम** | **आय अवधि** | **असुलि रु** | **ढिला दाखिला रु** | **बैक दाखिला मिति** | **ढिला दिन** | **जरिवाना** |
|---|---|---|---|---|---|---|---|
| २ | कविता गौतम | श्रावण | ३८३०६१ | ३८३०६१ | ५/१०/२०७५ | ९ | ३८३०६.१ |
| | | भाद्र | ३४९०४८ | ३४९०४८ | ६/९/२०७५ | ८ | ३४९०४.८ |
| | | असोज | २९७५०७ | २९७५०७ | ७/६/२०७५ | ५ | २९७५०.७ |
| | | **जम्मा** | **१०२९६१६** | **१०२९६१६** | | | **१०२९६१.६** |
| **५** | **हिरालाल भुषाल** | **माघ** | **१६३७६९** | **२६८८६** | **११/५/२०७५** | ४ | २६८८.६ |
| वडा ६ र ७ संयुक्त | वडा सचिव होम बहादुर चौधरी, कास अनिल चौधरी र अनिता चौधरी | श्रावण | २५९१७४ | ११०४२४ | २०७५।५।१३ | १२ | ११०४२.४ |
| | | आश्वीन | १९२१३४ | ६७१३५ | २०७५।०७।०४ | २९ | ६७१३.५ |
| | | माघ | १२७७७९ | ६७७७९ | २०७५।११।०६ | ५ | ६७७७.९ |
| **वडा ६ र ७ को जम्मा** | | | **५७९०८७** | **२४५३३८** | | | **२४५३३.८** |
| **सवै वडाको कुल** | | | **१७७२४७२** | **१३०१८४०** | | | **१३०१८४/-** |

| | | |
|---|---|---|
| ७.७ | **भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । कार्यालयले यो वर्ष वडा कार्यालयहरु मार्फत भूमीकर (मालपोत) रु ५० लाख तथा एकिकृत सम्पत्तीकर रु. २० लाख समेत रु ७० लाख अनुमान भएकोमा यथार्थ आय रु. ४६ लाख ५५ हजार संकलन गरेको विवरण पेश गरेको छ । उक्त आयको वडागत अभिलेख राखेको देखिएन । अतः अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ । | |
| ७.८ | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले व्यवसाय दर्ता तथा नवीकरण शुल्क रु ९ लाख १७ हजार  असुल गरेको भएता पनि व्यवसाय कर संकलन गरेको नदेखिएको तथा संकलनको अभिलेख राखेको देखिएन ।  कार्यालय र वडा कार्यालयवाट व्यवसाय दर्ता हुने गरेकोमा सोको विवरण प्राप्त नभएबाट कार्यालयमा दर्ता भएका व्यवसायको संख्या यकिन गर्न सकिएन । कार्यालयले व्यक्तिगत स्वघोषणाका आधारमामात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गर्ने गरेको छैन । अतः आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ। | |
| ७.९ | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । यस वर्ष कार्यालयले सवारी दर्ता लगत तयार नगरेकोले सवारी दर्ता संख्या तथा राजश्व असुलीको अवस्था यकिन गर्न सकिएन । अतः सम्वन्धित निकायसँगको समन्वयमा सवारी साधनको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउन ध्यान दिनु जरुरी छ । | |
| ७.१० | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । तर कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन करको अभिलेख तयार गरेको देखिएन । अत मनोसन्जन करको लगत तयार गरी मनोसन्जन कर असुल गर्नुपर्दछ । | |
| ७.११ | **आम्दानी रसिदः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम (९) अनुसार करदाता वा सेवाग्राहीवाट प्राप्तहुने राजश्व दाखिला जम्मा गर्नु कार्यालयले नगद संकलन गरी बैकमा दाखिला गरेको बैंक भौचर समेतको सम्बन्धीत खातामा प्रविष्टी गरी श्रेस्ता राख्नुपर्ने, नगद राजश्व आम्दानी बैंक दाखिला विवरणमा प्रविष्टी गर्नु पर्ने, कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य | |

रुपमा आम्दानी रसिद काटी सम्बन्धीत खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ। तर यस कार्यालयमा विभिन्न वडा कार्यालयहरुमा पञ्जिकरण दर्ता, सिफारिस दस्तुरको संकलन गर्दा केही राजश्व रसिद नकाटी दाखिला गर्ने तथा समयमा नै दाखिला नगर्ने गरेको देखिएकोले रसिद काटेर मात्र सेवा दस्तुर संकलन गरी सो कानुनमा भएको व्यवस्था बमोजिमको समय भित्र दाखिला गरिनु पर्ने देखिन्छ।

७.१२ **प्रारम्भिक वातावरणीय अध्ययन :** कार्यालयले ढुंगा,गिट्टी र बाल्वा आदि खनिज जन्य पदार्थ उत्खननका लागी प्रारम्भिक वातावरण अध्ययन गरी सोही अनुसार उत्खनन् एंव ठेक्का बन्दोवस्त गरिनु पर्दछ। कार्यालयले गाउँपालिका क्षेत्रमा पर्ने देहायका नदीबाट खनिज तथा नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्न वातावरणीय अध्ययन (IEE) गराएको छ। तर प्रतिवेदनमा उल्लेख भए भन्दा बढी हुने गरी दैनिक तथा बार्षिक उत्खननु गर्ने कार्य नियन्त्रणका लागी कुन कुन स्थानबाट के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन् गरियो भन्ने परिमाण र मिति देखिने अभिलेख राख्ने गरेको देखिएन यसबाट वातावरण अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणमा उत्खनन् गर्ने कार्य नियन्त्रण हुन सक्दैन। अतः प्रतिवेदनमा उल्लेखित अनुमानित परिमाणमा कति निकालियो र कति निकाल्न बाँकी छ भन्ने अभिलेख अधावधिक गरी प्रतिवेदन कार्यान्वयनलाई प्रभावकारी बनाइनु पर्दछ।

८. **सार्वजनिक खरिद व्यवस्थापन:** यसमा देहायका व्यहोराहरु देखिएका छन् -

८.१ **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा गाउँ/नगरपालिका कार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराउने Sub National Treasury Regulatory Application (SUTRA) को प्रणाली प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले SUTRA प्रणालि प्रयोग गर्ने गरेको छ। तर प्रणालीले आयव्यय तयार गर्ने गरेको देखिएन। अत : प्रणालीलाई सुधार तथा Upgarde गरी कार्यान्वयन गरिनु जरुरी देखिन्छ।

८.२ **बोलपत्र सहभागिता र लागत कवोल अंक तुलनाः-** कार्यालयद्वारा गराइने खरिद तथा निर्माण कार्य प्रतिस्पर्धात्मक रुपमा मितव्ययी तवरले गरिएको हुनुपर्दछ। कार्यालयले पेश गरेको बिवरण अनुसार बोलपत्र बिक्री, दर्ता, लागत सम्झौता अनुपात बिश्लेषण गर्दा देहाय अनुसार खरिद गरेको देखियो।

| कार्यक्रम बिवरण | ठेक्का नं. | बोलपत्र बिक्री संख्या | बोलपत्र दर्ता संख्या | लागत अनुमान (कर बाहेक) | सम्झौता अंक (कर बाहेक) | लागत सम्झौता अनुपात | घटि |
|---|---|---|---|---|---|---|---|
| १ नं. वडा कार्यालय भवन निर्माण | २ | ८ | ८ | ९२०५२५९ | ६५२९०६४ | २९.०७ | |
| ४ नं. वडा कार्यालय भवन निर्माण | १ | १० | १० | ९२०५२५८ | ६७१९९५२ | २६.९९ | |
| बहुदेश्यीय सभाहल निर्माण | ३ | ४ | ४ | ११०१४९२५ | ७६२४३२४ | ३०.७८ | |
| औषधी खरिद | ४ | १४ | ६ | १०५०३७५ | ३९७००० | ६२.२० | |
| औषधी खरिद | ५ | ७ | ६ | ६५३२६० | ३०३४५० | ४६.४५ | |

८.३ **ठेक्का बन्दोबस्तः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३)मा लागत अनुमान बनाउने,बोलपत्र आव्हान गरि स्वीकृत गर्ने, अन्य निकायसंग लिनु पर्ने सहयोग र स्वीकृति बारे पत्राचार गर्ने,ठेक्का पट्टा स्वीकृत गर्ने समेतका कार्यहरु प्रथम चामासिक अवधिमा गरि सक्नु पर्ने व्यवस्था छ। तर कार्यालयले देहाय अनुसार ढिलो गरि तेस्रो चौमासिक अवधिमा ठेक्का बन्दोबस्त गरेको देखियो। अतः नियमावलीमा तोकिए अनुसारको अवधिमा ठेक्का बन्दोबस्त गरि ठेक्का स्वीकृती समेतका कार्यहरु गरिनु पर्दछ।

| खरिद कार्यक्रम | जम्मा | | तेस्रो चौमासिक | | आषाढ माहिना | | यस वर्ष सम्पन्न रकम | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| भवन निर्माण | ३ | २०८७३३४० | ३ | २०८७३३४० | | | | |
| औषधी तथा सर्जिकल सम्बन्धी सामाग्री खरिद | २ | ७००४५० | २ | ७००४५० | २ | २७००४५० | २ | ७००४५० |
| **जम्मा** | **५** | **२१५७३७९१** | **५** | **२१५७३७९१/-** | **२** | **२७००४५०** | **२** | **७००४५०** |

८.४ **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उपनियम (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (Detective Labalites)को अवधि भन्दा कम्तिमा १ महिना बढि अवधिको हुनुपर्ने व्यवस्था छ। तर कार्यालयले ठे नं ५/०७५/०७६ को लागत अनुमान रु ६१९८१०१४ गा पा भवन निर्माण कार्यका निर्माण व्यवसायि दया निर्माण सेवाले मिति २०७७/३/२७ मा सम्पन्न गर्ने गरि रु ६००४०१८८ कबोल गरेको देखियो। एक वर्ष वारेन्टि रहेको उक्त निर्माण कार्य २०७७/३/२७ सम्ममा सम्पन्न गर्नुपर्ने सम्झौता भएकोले कार्यसम्पन्न जमानत २०७८/४/२६ सम्म हुनु पर्नेमा २०७७/६/३०सम्म मात्र रहेकोले उक्त निर्माण कार्यको कार्यसम्पादन जमानत घटि रहेको देखियो। अतः निर्माण कार्यहरु गराउँदा नियमावलीमा निर्धारण गरिएको अवधि सम्मको कार्यसम्पादन

| | | |
|---|---|---|
| | जमानत राख्ने व्यवस्था गरिनु पर्दछ । | |
| ८.५ | **निर्माण कार्यको विमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु.१० लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री तथा उपकरण, त्रुटि सच्याउने अवधि सम्मा हुने नोक्सानी तथा कामदार/कर्मचारीहरुको दुर्घटना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले निर्माण गराएका देहाय बमोजिमको निर्माण कार्यको विमा गराउने बोलपत्र कागजातमा व्यवस्था भएतापनि विमा गराएका छैनन् र विमा खर्च लेखेको पनि छैन । कार्यालयले त्यसको अनुगमन गरेको पनि छैन । यसबाट निर्माण स्थलमा हुने दुर्घटनाको क्षतिपूर्तिको जोखिम बढेको छ । अतः नियमावलीको व्यवस्था अनुसार विमा गराई दुर्घटनाबाट हुने जोखिमको क्षति न्यूनिकरण गरिनु पर्दछ । | |

| ठे.नं. | निर्माण कार्य | निर्माण व्यवसायी | लागत अनुमान | कबोल अंक | विमा हुनुपर्ने | विमा भएको |
|---|---|---|---|---|---|---|
| २ | गा.पा. भवन | दया निर्माण सेवा | ६१९८१०१४ | ६००४०१८८ | २०७८/०४/२६ | २०७६।०८।२४ |

| | | |
|---|---|---|
| ९. | **उपभोक्ता समिति :** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ९.१ | **खर्च सार्वजनिकीकरण र सामाजिक परिक्षण:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने र आफुले गरेको काम कारवाहीका सम्बन्धमा सार्वजनिक खरिद अनुगमान कार्यालयले तोकेको प्रकृया वमोजिम तोकेको अवधि भित्र सामाजिक लेखापरिक्षण गराउनु पर्ने तथा उपनियम (१२) मा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर अधिकांश उपभोक्ता समितिले खर्च सार्वजनिकिरण तथा सामाजिक परिक्षण गराउने गरिएको छैन । केही उपभोक्ता समितिले सार्बजनिकिकरण फारम तयार गरेतापनि फाराममा आम्दानी श्रोत, खर्च विवरण, मौज्दात, भुक्तानी दिदाँ बाँकी अवस्था योजनाको लक्ष्य प्रगति केही पनि उल्लेख गर्ने नगरेको केवल योजनाको नाम र उपस्थित लाभग्राहीको हस्ताक्षर मात्र रहेको छ । अतः उपभोक्ता समितिवाट सम्पन्न भएका योजनाहरुको खर्च सार्वजनिकिकरण तथा सामाजिक परिक्षण गराउने व्यवस्थाको अनुसरण गरिनु पर्दछ । | |
| ९.२ | **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति द्वारा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर उपभोक्ता समितिद्वारा निर्माण सम्पन्न भएको योजनाहरु कार्यालयले रेखदेख मर्मत सम्भारको जिम्मेबारी सहित समुदायलाई हस्तान्तरण गर्ने गरेको छैन । अतः सम्पन्न योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई योजनाको उपभोग, मर्मत सम्भार, रेखदेख र स्वामित्व एवम योजनाको निरन्तरता हुनेगरी हस्तान्तरण गर्ने गरिनु पर्दछ । | |
| १० | **कन्टिन्जेन्सी खर्च :** गाउँपालिकाले कन्टिन्जेन्सी रकमको छुट्टै खाता राखी कार्यविधि तयार गरेर सोहि अनुसार खर्च गर्ने गर्नुपर्दछ । तर कार्यालयले अलग्गै कन्टिन्जेन्सी खाता नराखि दायित्व देखाई बैक नगदीको विविध महलमा राखि खर्च गर्ने गरेको छ र त्यसरी खर्च गर्दा कार्यविधि बनाएको छैन । अतः कन्टिन्जेन्सीबाट खर्च गर्दा छुटै कन्टिन्जेन्सी खाता राखि कार्यविधि बनाएर मात्र खर्च गर्ने गरिनु पर्दछ । | |
| ११ | **पन्जिकरण तथा सामाजिक सुरक्षा खर्चः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ११.१ | **लेखापरिक्षणः-** कार्यालयले सामाजिक सुरक्षा स्वरुप भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई तोकिए बमोजिम भत्ता भुक्तानी गर्नुपर्दछ । गाउँपालिका ७ वटा वडा कार्यालयहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको मध्ये सब भन्दा धेरै पहिलो स्थानमा रहेको वडा नं. ३ र पांचौ नम्बरमा रहेको वडा नं. १ को सामाजिक सुरक्षा भत्ता वितरणको फांटबारी तथा भरपाई परिक्षण गरी हेर्दा देखिएका देहाय अनुसारका व्यहोराहरु उल्लेख गरीएको छ । अन्य वडाहरुमा बढि भुक्तानी भएको हुनसक्ने भएकोले सामाजिक सुरक्षा भत्ता वितरण गरेको भरपाइहरु गाउँपालिका स्वंयले यकिन गर्ने गरी लेखापरीक्षण सम्पन्न गरीएको छ । | |
| ११.२ | **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली -एम.आइ.एस) मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले निर्देशिका अनुसार मुल अभिलेख, परिचयपत्र तथा एम. आइ. एस. प्रविष्टी गरेको छैन । अतः निर्देशिका अनुसारको कार्य गरिनु पर्दछ । | |

| | | |
|---|---|---|
| ११.२ | **भत्ता निकासा तथा वितरणः** कार्यविधिको दफा १५ (७) र १६ अनुसार स्थानीय तहले वडा कार्यालयलाइ व्यवस्थापन सुचना प्रणाली (एम.आइ.एस) को आधारमा पेश्की दिनु पर्ने र प्रथम चौमासिक असोज १ देखि दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघ १ देखि दोश्रो हप्ता भित्र र तेश्रो चौमासिक जेठ १ देखि दोश्रो हप्ता भित्र बैंक खाताबाट वितरण गरिसक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले भत्ता वितरणकालागी स्थानीय बैंकहरुलाई भुक्तानी दिएकोले निर्देशिकाले निर्धारण गरेको अवधिमा वितरण हुन सकेको देखिएन । त्यस्तै कार्यालयले एम.आइ.एस अद्यावधिक गरेको छैन । | |
| ११.३ | **भत्ता विरणको अनुगमनः** कार्यविधिको दफा २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमासिक रुपमा बैठक वस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने, बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ । | |
| ११.४ | **पारदर्शिताः** कार्यविधिको दफा ३५ मा प्रत्येक वडा समितिले प्रत्यक चौमासिकमा कम्तिमा १ पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गरि प्राप्त गुनासा र सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझावहरु तथा गुनासाहरु सम्बोधनका लागि स्थानिय तह कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । तर वडा समितिहरुले त्यस अनुरुप सार्वजनिक सुनुवाइ गर्ने तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी वेभ साइटमा राख्ने गरेको देखिएन । अतः उल्लेखित सार्वजनिक सुनुवाइ तथा वेभ साइटमा राख्ने गरि पारदर्शिता कायम गरिनु जरुरी देखिन्छ । | |
| १२ | **जनशक्ति व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन्: | |
| १२.१ | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी, पदपूर्ति तथा रिक्त रहेको विवरण लेखापरिक्षणार्थ पेश गरेको छ । विवरण अनुसार ३६ जनाको दरबन्दी रहेकोमा संघीय सरकारबाट सरुवा ५ जना साविक स्थानीय तहमा कार्यरत ५ जना, करारमा आन्तरिक पदपूर्ती ८ जना समेत १८ जना पूर्ती भएको र १८ जना रिक्त रहेको देखियो । अतः कार्यालयमा रिक्त रहेका दरवन्दिहरु लोकसेवा आयोग मार्फत पदपूर्ति गरिनु पर्ने देखिन्छ । | |
| १२.२ | **तलबी प्रतिबेदन :** स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले स्वास्थ्य, कृषि, पशु तथा गाउँपालिका कार्यपालिका तर्फ कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । अतः तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १२.३ | **पदपुर्तीको माग** : कार्यालयमा रहेको कर्मचारीको दरवन्दि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८५ अनुसार पदपुर्ती गरिएको हुनुपर्छ । निजामति सेवा ऐन २०४९ तथा स्थानिय सरकार सञ्चालन ऐन को दफा ८५ अनुसार पदपूर्ती गरिनु जरुरी छ । | |
| १३ | **तलब भत्ता तथा थप सुविधा : यसमा देहायका सुविधाहरु रहेको छन ।** | |
| १३.१ | **थप सुविधाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ अनुसार स्थानीय तहको कर्मचारीहरुको सेवा शर्त तथा सुविधा सम्वन्धि व्यवस्था संघिय कानुन वमोजीम हुने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय अनुसारका गाउँपालिकाका कर्मचारीहरुलाई निम्नि अनुसार सञ्चार खर्च र ईन्धन खर्च सुविधा भुक्तानी गरेको छ । छलफलको क्रममा गाउँपालिका सभाको निर्णय अनुसार भत्ता दिएको कार्यालयको भनाई रहेको छ । कार्यालयले संघीय कानून सँग मेल नहुने गरी सबै कर्मचारीहरुलाइ प्रोत्साहन भत्ता रु.२३,४६,७९९।- र अतिरिक्त समय भत्ता रु.१,९३,२००।- भुक्तानी दिएकोले नियम अनुसार दिन मिल्ने नदेखिएको रु. | |
| १३.२ | **सेवा करार** : स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी , प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे र सरसफाई सम्वन्धि पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । कार्यालयले सेवा प्रवाहको लागि आवश्यक भएको उल्लेख गरि विभिन्न मितिमा सम्झौता गरी विभिन्न दर्जाका कर्मचारी नियुक्ती गरी तलव भत्ता खर्च लेख्ने गरेको देखियो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा निवेदनको आधारमा करार सेवामा लिने कार्य नियम सम्मत देखिएन । अतः नियमावलीमा उल्लिखित व्यवस्था अनुसार पदपूर्ति गरिनु पर्दछ । | |

| | | |
|---|---|---|
| १३.३ | **सेवा करार कर्मचारीको ग्रेडः** निजामती सेवा ऐन २०४९ अनुसार स्थायी सेवाका कर्मचारीका लागी मात्र बार्षिक ग्रेड बृद्धि दिन मिल्ने व्यवस्था छ । तर कार्यालयले करार सेवा अर्न्तगतका उद्यम विकास सहजकर्ता मान बहादुर भण्डारीलाई बार्षिक ग्रेड बृद्धि रु.३०५०। का दरले चाडपर्व खर्चसमेत रु ३९६६३। भुक्तानी दिएको देखियो । सेवा करार कर्मचारीलाई ग्रेड दिन मिल्ने आधार नदेखिएकोले असुल गर्नुपर्ने रु | ३९६६३/- |
| १३.४ | **करार सेवामा महगी भत्ताः** करार सेवामा कार्यरत वा नियुक्त कर्मचारीहरुलाई महंगी भत्ता दिन मिल्ने नदेखिएकोले उद्यम विकास सहजकर्ता श्री मान बहाादुर भण्डारी र खरिदार रञ्जु ज्ञवालीलाई रु.२र हजारका दरले महंगी भत्ता दिएको देखियो । महंगी भत्ता दिन मिल्ने आधार बेगर खर्च लेखेकोले नियम अनुसार नदेखिएको रु | ४८०००/- |
| १४ | **पुजीगत खर्चः** यसमा निम्न व्यहोराहरु देखिएका छन् । | |
| १४.१ | **बढी भुक्तानीः-** गो भौ नं १४७०७६।१।३१मा आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नं. ५।०७४।७५ को निर्माण व्यवसायी दया निर्माण सेवालाई गापाको भवन निर्माण कार्यको लागी तेस्रो किस्ता बापत रु ७४०८५१३। भुक्तानी गरेकोमा नापी कितावमा सिविल वर्कसको आइटम नं. ४ को कार्य अन्य व्याक फिलिङ्ग (कम्प्याक्सन वर्क) ११७.२१ घ.मि. परिमाणको रु १००।- का दरले रु ११७२१।- भुक्तानी गर्नुपर्नेमा निर्माण व्यवसायिले उक्त कार्यलाई आईटम नं. ५ को कार्य अर्न फिलिङ्ग वोरोवड स्वाईल कम्प्याक्सन वर्क मा समावेश गरी ११७.२१ परिमाणको रु ४००।- का दरले रु ४६८८४।- भुक्तानी दिएकोले बढी भुक्तानी रु ३५१६३।- को १३ प्रतिशतका दरले भ्याट समेत जोडी असुल उपर हुनुपर्ने रु. | ३९७३४। |
| १४.२ | **बढी भुक्तानीः-** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । यस वर्ष सम्पन्न देहायका योजनाहरुमा कार्यसम्पन्न गरेको अनुपातमा वढी भुक्तानी दिएकोले बढी भक्तानी गरेको रु. | **३९८७९४/-** |

| गो.भौ.र मिति | उ.स.को नाम | लागत अनुमान | विनियोजित | कार्यसम्पन्न | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ११७।०७५।१२।२१ | कल्भर्ट निर्माण शितलपाटी उ.स.५ | ५५६०२४ | ५००००० | ४८६७६३ | ४३७७१८ | ४८६७६४ | ४९०४६ |
| २३१।०७६।३।१३ | पुरैनी खेल मैदान निर्माण उ.स. ५ | ९८९२३९९ | ३६००००० | ९६२०५० | ८८९७८० | ९६२०५० | ७२२७० |
| २३८।०७६।३।१५ | भट्टराईचोकदेखि सियारी सिमाना जोड्ने बाटो कालोपत्रे उ.स. ३ | २४२६७७५ | १८५०००० | २३६९३१२ | १८०६१९४ | १८३०९४५ | २४७५१ |
| ३१८।०७६।३।३० | दरवाह क्षेत्र भौतिक पूर्वाधार निर्माण उ.स. | ३५८२३०९ | ३१६८००० | २६२८०७१ | २३२४१२४ | २५७६८५१ | २५२७२७ |
| | | | | | | | **३९८७९४/** |

| | | |
|---|---|---|
| १५ | **चालु, कार्य सञ्चालन र प्रशासनिक खर्चः-** यसमा देहायका व्यहोरा देखिएका छन । | |
| १५.१ | **प्रशासनिक खर्चः-** कार्यालयले आफ्नो आन्तरिक आय अनुसार प्रशासनिक खर्च गरेको हुनु पर्दछ । कार्यालयको कूल आन्तरिक आय रु. १०८३९१२७६।- रहेकोमा प्रशासनिक खर्चको गरेको विवरण लेखापरीक्षणर्थ पेश गरेको छैन । विवरण पेश नगरेकोले प्रशासनिक खर्च विश्लेषण गर्न सकिएन । अत : आफ्नो आन्तरिक आयको परिधि भित्र रहेर प्रशासनिक खर्चको बजेट सिमा कायम गरिनु पर्ने देखिन्छ । | |
| १५.२ | **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा अनुसार कर्मचारी कल्याण कोषको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ । तर गाँउपालिकाले उक्त कोषमा हालसम्म रु ४ लाख ७५ हजार व्यवस्था गरेको देखियो । | |
| १५.३ | **आर्थिक सहायताः-** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २४ अनुसार गाँउपालिका वा गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा स्थानिय स्तरको विकासका लागी आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकासका लागी योजना बनाई खर्च गर्नुपर्छ । गाउपालिकाले योजना बनाई नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य सीमा आदिमा साथ दिनुपर्नेमा निम्नानुसार योजना नबनाई वितरणमुखी कार्यक्रम गरेको देखियो । अतः यस्तो खर्चमा नियन्त्रण हुनुपर्छ । | |

| गो.भौ.नं र मिति | वडा | नाम | रकम |
|---|---|---|---|
| १४२।०७५।८।२ | ३ | श्री सन्तु चमार | ४०००० |
| ४२६।०७६।२।६ | ७ | बेनी पटेल | २०००० |
| ४४७।०७६।२।१९ | ८ | राम केवट लोध | २०००० |

| | | | |
|---|---|---|---|
| ४६१।०७६।२।२७ | ५ | स्मृति टोल विकास संस्था | ४८२७२ |
| | | शान्तीनगर टोल विकास संस्था | ४८२७२ |
| | | दरबाह टोल विकास संस्था | ४८२७२ |
| ४६४।०७६।२।२७ | २ | दुर्गा भवानी टोल विकास संस्था | २१००० |
| | | नमुना टोल विकास संस्था | २१००० |
| | | नवदुर्गा टोल विकास संस्था | २१००० |
| | | बनगाई टोल विकास संस्था | २१००० |
| | | भुजौली बजार टोल विकास संस्था | २१००० |
| | | भुजौली गाउँ टोल विकास संस्था | २१००० |
| | | राधाकृष्ण टोल विकास संस्था | २१००० |
| | | बनगाईडाडा टोल विकास संस्था | २१००० |
| ४८२।०७६।३।५ | | कोटहीमाई टोल विकास संस्था | ४८२७२ |
| | | रेहरा नमुना टोल विकास संस्था | ४८२७२ |
| | | शितलपाटी टोल विकास संस्था | ४८२७२ |
| | | रजाड गाँउ टोल विकास संस्था | ४८२७२ |
| | | उत्तरदक्षिण मधुवनी टोल विकास संस्था | २१००० |
| | | समयदेवी टोल विकास संस्था | २१००० |
| | | दरवाहभाटा टोल विकास संस्था | ३१००० |
| **जम्मा** | | | ६५८९०४/- |

१५.४ **बैठक भत्ता:-** प्रदेश ५ अर्न्तगतका गाँउ सभा र नगरसभाको कानून निर्माण सम्बन्धी ऐन २०७५ को अनुसुची १ अनुसार कार्यपालिकाको बैठक भत्ता रु ७००।- भुक्तानी लिन पाउने व्यवस्था छ । कार्यालयले निम्नानुसार कर्मचारी तथा पदाधिकारीलाई रु ७००।- भन्दा बढी दरले भत्ता दिएकोमा **छलफलको** क्रममा गाउँ सभाको निर्णय अनुसार भत्ता दिएको भनाई रहेकोछ । अत बढि दरमा भत्ता दिएकोले बढि भुक्तानी गरेको रु. **३०९१५/-**

| गो.भौ.र मिति | नाम | बैठक संख्या | भुक्तानी रु | दिनुपर्ने रु | बढी रु |
|---|---|---|---|---|---|
| ७६।०७५।६।२४ | प्र.प्र.अ.श्री अनन्तपाणि मरासिनी | ३ | ४५०० | २१०० | १०४० |
| | ले.अ. श्री ओमेशकुमार गैरे | ६ | ९००० | ४२०० | ३५७० |
| | शा.अ. श्री चन्द्रकान्त शर्मा | ६ | ९००० | ४२०० | ३५७० |
| | इ.श्री कपिल अर्याल | ३ | ४५०० | २१०० | २०४० |
| | श्री हिरालाल भुषाल | १ | १५०० | ७०० | ६८० |
| | श्री हरि प्रसाद रिजाल | ५ | ७५०० | ३५० | ३४०० |
| | श्री रचना तुलाधर | ३ | ४५०० | २१०० | १०४० |
| | श्री पूर्ण प्रसाद अर्याल | ३ | ४५०० | २१०० | १०४० |
| | श्री मन बहादुर बुढा | ६ | ९००० | ४२०० | ३५७० |
| ५८१।०७६।३।३० | श्री रोमनाथ न्यौपाने | ५ | ५००० | ३५०० | १२७५ |
| | श्री लक्ष्मण पाण्डेय | ५ | ५००० | ३५०० | १२७५ |
| | श्री चन्द्रकान्त शर्मा | ५ | ५००० | ३५०० | १२७५ |
| | श्री रचना तुलाधर | ५ | ५००० | ३५०० | १२७५ |
| | श्री हरि प्रसाद रिजाल | ५ | ५००० | ३५०० | १२७५ |
| | श्री केशवराज भट्टराई | २ | २००० | १४०० | ५१० |
| | श्री नन्दराम पौडेल | २ | २००० | १४०० | ५१० |
| | श्री प्रेम नारायण सुवेदी | २ | २००० | १४०० | ५१० |
| | श्रीरुद्रमणी गिरी | १ | १००० | ७०० | २५५ |
| | श्री मन बहादुर बुढा | २ | २००० | १४०० | ५१० |
| | श्री माधव चौधरी | ५ | ५००० | ३५०० | १२७५ |
| | श्री गिता पछाई | १ | १००० | ७०० | २५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्री हरिहर धोवी | १ | १००० | ७०० | २५५ |
| | श्री महेश चौधरी | १ | १००० | ७०० | २५५ |
| | श्री पूर्ण प्रसाद अर्याल | १ | १००० | ७०० | २५५ |
| | **जम्मा** | | | | **३०९१५/-** |

